नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग
राष्ट्रिय औषधि प्रयोगशाला
बिजुलीबजार

फोन नं. ४७८१२६९

**राष्ट्रिय औषधि प्रयोगशालाको लागि Maintenance of Existing Toilet and Construction of Disabled Friendly Toilet at National Medicine Laboratory**

सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

सूचना नं:०३-०७६/७७ ( प्रकाशित मिति २०७७।०१।१४)

१. राष्ट्रिय औषधि प्रयोगशाला योग्य सिलबन्दी दरभाउपत्रदाताहरूबाट, राष्ट्रिय स्तरको खुल्ला सिलबन्दी दरभाउपत्र प्रक्रिया अन्तर्गत, Maintenance of Existing Toilet and Construction of Disabled Friendly Toilet at National Medicine Laboratory कार्य गर्न यो सिलबन्दी दरभाउपत्र आव्हन गर्दछ ।

२. योग्य सिलबन्दी दरभाउपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:
राष्ट्रिय औषधि प्रयोगशाला, बिजुलीबजार ।
टेलिफोन: ४७८१२६९, फ्याक्स: ४७८०६६४ र इमेल: info@nml.gov.np website:www.nml.gov.np

३. योग्य दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कागजात यो सूचनाप्रकाशित मिति देखी २०७७।०१।२८ गते सम्म कार्यालय समय भित्रराष्ट्रिय औषधि प्रयोगशाला, बिजुलीबजारबाट लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी र बोलपत्र सम्बन्धी कागजातको तोकिएको दस्तुर (फिर्ता नहुने) पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी गरिएको सिलबन्दी दरभाउपत्र राष्ट्रिय औषधि प्रयोगशाला, बिजुलीबजारमा मिति २०७७।०१।२९ गते, १२:०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त सिलबन्दी दरभाउपत्र स्विकार गरिनेछैन ।

५. तोकिएको समयभित्र पेश भएका सिलबन्दी दरभाउपत्रहरु उपस्थित हुन चाहेका सिलबन्दी दरभाउपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा राष्ट्रिय औषधि प्रयोगशाला, बिजुलीबजारमा २०७७।०१।२९ गते २:०० बजे खोलिनेछ । सिलबन्दी दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिनसम्मको लागि सिलबन्दी दरभाउपत्र मान्य हुनेछ । सिलबन्दी दरभाउपत्रको साथ देहाय बमोजिमको रकम सिलबन्दी दरभाउपत्र जमानत बापत पेश गर्नु पर्नेछ र त्यस्तो सिलबन्दी दरभाउपत्र जमानतको मान्य हुने अवधि सिलबन्दी दरभाउपत्रको मान्य हुने अवधिभन्दा कम्तिमा पनि ३० दिन बढी (अर्थात जम्मा ७५ दिन) हुनु पर्नेछ ।

६. सिलबन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिको मिति र समयमा सिलबन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अबस्थामा सिलबन्दी दरभाउपत्र र सिलबन्दी दरभाउपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

७. कुनै वा सबै सिलबन्दी दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस प्रयोगशालामा निहित रहने छ ।

८. यस सूचनामा उल्लेख भएका बाहेकका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**Maintenance of Existing Toilet and Construction of Disabled Friendly Toilet at National Medicine Laboratory**

| सि.नं | आइटम | परिमाण | लागत अनुमान (भ्याट तथा कन्टीन्जेन्सी बाहेक) | सिलबन्दी दरभाउपत्र जमानत रकम रु. | सिलबन्दी दरभाउपत्र दस्तूर रु. |
|---|---|---|---|---|---|
| १ | Maintenance of Existing Toilet and Construction of Disabled Friendly Toilet at National Medicine Laboratory | As per BOQ | 13,12,104.14 | 33,000.0 | 300.0 |